पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : ०७७/७८
चलानी नं./Ref. No. : १०२

मिति:२०७७/०५/०८

**सूचना!!** **सूचना!!** **सूचना!!**

यस पूर्वखोला गाउँपालिकामा प्राप्त राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. १६९६ मिति:२०७७/०३/११ को पत्रानुसार सबै प्रकारको सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट वितरण गर्नुपर्ने नीतिगत व्यवस्था भएको हुँदा यस गाउँपालिकामा पनि आगामी आ.व.२०७७/०७८ देखि सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गरिने भएको हुँदा सम्पूर्ण लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरी सामाजिक सुरक्षा परिचय पत्र लिएर तपशिल बमोजिमको बैंकमा सामाजिक सुरक्षा विशेष खाता सञ्चालन यहि असोज १५ भित्र गृह मन्त्रालयले जारी गरेको कोभिड-१९ को स्वास्थ्य मापदण्ड पालना गरी गर्नुहुन अनुरोध छ।

<u>तपशिल:</u>

१. वडा नं १,२ र ३ ग्लोबल आई एम ई बैंक, पूर्वखोला शाखा

२. वडा नं ४,५ र ६ ग्लोबल आई एम ई बैंक, ताहु शाखा

<u>आवश्यक कागजातहरु:</u>

जेष्ठ नागरिक(७० वर्ष माथि,दलित, एकल महिला), विधवा, अपाङ्गता (क वर्ग)

१. लाभग्राहीको नागरिकताको प्रतिलिपि

२. लाभग्राहीको हालसालै खिचेको दुई प्रति रंगीन फोटो

३. लाभग्राहीको सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपि

४. हकवालाको नागरिकताको प्रतिलिपि

५. हकवालाको हालसालै खिचेको दुई प्रति रंगीन फोटो

<u>आवश्यक कागजातहरु:</u>

**दलित बालबालिका, पूर्ण अपाङ्गता(ख वर्ग) र अन्य अशक्त लाभग्राहीको हकमा जसमा हकवालाको हस्ताक्षर बाट समेत खाता सञ्चालनको लागि**

१. लाभग्राहीको जन्म दर्ता(बालबालिकाको हकमा)/नागरिकताको प्रतिलिपि

२. लाभग्राहीको हालसालै खिचेको दुई प्रति रंगीन फोटो

३. लाभग्राहीको सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपि

४. हकवालाको नागरिकताको प्रतिलिपि

५. वडाबाट नाबालक/अशक्त भएको सिफारिस

६. हकवालाको हालसालै खिचेको तीन प्रति रंगीन फोटो

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ:</u>

श्री वडा सचिव ज्यूहरु (सबै), कोभिड १९ को मापदण्ड पालना गरी आवश्यक समन्वय गर्नुहुन।